# मनराशिसवा नगरपालिका नगर प्रहरी ऐन, २०७९

नेपालको संविधान २०७२ को धारा २२६ अनुसूची ८ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (क) मा भएको व्यवस्था प्रयोग गरी मनराशिसवा नरपालिकाको नबौ नगर सभाबाट नगर प्रहरी ऐन, २०७९ बनाई लागु गरिएको छ।

१. ऐनको नाम "नगर प्रहरी ऐन २०७९" रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस नियमावलीमा**

क) "नगर प्रहरी" भन्नाले मनराशिसवा नगरपालिकाबाट यस ऐन बमोजिम नियुक्त भएका नगर प्रहरी लाई सम्झनु पर्दछ।

ख) "प्रमुख" भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुख लाई सम्झनु पर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत' भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई जनाउने छ।

घ) "कार्यालय" भन्नाले मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्भनु पर्दछ।

ङ) " पदपूर्ति समिति" भन्नाले मनराशिसवा नगरपालिका नगर कार्यपालिकाका पदपूर्ति समितिलाई जनाउने छ।

३. मनराशिसवा नगरपालिकाबाट देहाय बमोजिमको नगर प्रहरी समुह गठन गरी देहायका पद सिर्जना गरी पदपूर्ति गरिनेछ।

क) नगर प्रहरी निरीक्षक

ख) नगर प्रहरी सहायक निरीक्षक

ग) नगर प्रहरी जवान

४. (१) मनराशिसवा नगरपालिकाको कार्यपालिकाबाट आवश्यक नगर प्रहरीको दरबन्दी सिर्जना गरिने छ।



CamScanner

(२) उपदफा (१) बामोजिम पदपुर्ति गर्न यस ऐनको पदपूर्ति समितिले उमेदवारको छनौट गरी सिफारिस गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको नगर प्रहरी को पदपूर्ति हाललाई सेवा करारमा रहने गरी पदपूर्ति गरिनेछ ।

**५. १ नगर प्रहरीको आवश्यक योग्यता**

क) प्रहरी निरीक्षकका लागि कुनै विषयमा स्नातक तह उतीर्ण गरी १८ वर्ष पुरा भई ३५ वर्ष उमेर ननाघेको ।

ख) नगर प्रहरी सहायक निरीक्षकका लागि प्रविणता प्रमाण–पत्र तह उर्तीण गरी १८ वर्ष पुरा भई ३५ वर्ष उमेर ननाघेको ।

ग) नगर प्रहरी जवानका लागि कम्तिमा कक्षा ८ उतिर्ण गरी १८ वर्ष पुरा भई ३५ वर्ष उमेर ननाघेको ।

घ) नेपाली नागरिक ।

**५.२. क)** उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्त गर्न नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत भएका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

**५.२. ख)** नगर प्रहरीको लागि उमेर हद १८ वर्ष पुरा भई ३५ वर्ष उमेर ननाघेको ।

**५.२. ग)** नेपाल प्रहरी, सशसूत्र प्रहरी बल, नेपाली सेना एवं अन्य सुरक्षा निकायमा कार्य सम्पादन गरि आएको हकमा उमेर हद ५८ बर्ष उमेर ननाघेको हुनुपर्ने ।

**६.** १ दफा ५.१ (क, ख, ग) बमोजिम नगर प्रहरी को नियुक्त गर्दा पदपूर्ति समितिको सिफारिस तथा नगर प्रमुखको स्वीकृतिमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्त गर्न सक्नेछ ।

**७. पदपूर्ति समिति को गठन**

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी (अध्यक्ष)

